## बेतन कर्णाली सञ्चयकर्ता हाइड्रोपावर कम्पनी लिमिटेड

### मिति २०७५ मंसीर ७ गते शुक्रबारका दिन बसेको कम्पनीको दोश्रो बार्षिक साधारण सभाबाट पारित भई सञ्चालक समितिको मिति २०७५/०८/०७ मा बसेको बैठकबाट प्रमाणित संशोधित नियमावली

१. **नियम ३ मा संशोधन :**

बेतन कर्णाली सञ्चयकर्ता हाइड्रोपावर कम्पनी लिमिटेडको नियमावली, को नियम ३ को खण्ड (८) पछि देहायको खण्ड (९) राखिएको छ :

"(९) "कार्यकारी प्रमुख" भन्नाले नियम ३५ बमोजिम नियुक्त प्रबन्ध सञ्चालक वा नियम ३६ बमोजिम नियुक्त प्रमुख कार्यकारी अधिकृत सम्झनु पर्छ।"

२. **नियम ३४ मा संशोधन :**

मूल नियमावलीको नियम ३४ को उपनियम (१) मा रहेको "प्रमुख कार्यकारी अधिकृत" भन्ने शब्दहरुको सट्टा "कार्यकारी प्रमुख" भन्ने शब्दहरु राखिएका छन ।

३. **नियम ३५ मा संशोधन :**

मूल नियमावलीको नियम ३५ को सट्टा देहायको नियम ३५ राखिएको छ :

"३५. प्रवन्ध सञ्चालक र कम्पनीको व्यवस्थापन :

(१) समितिले नियम २७ (२) बमोजिमको सञ्चालकहरु मध्येबाट एक जना सञ्चालकलाई कम्पनीको प्रवन्ध सञ्चालकको रुपमा नियुक्त गर्नेछ ।

(२) उपनियम (१) बमोजिम नियुक्त भएको प्रवन्ध सञ्चालक कम्पनीको पूरा समय काम गर्ने प्रमुख कार्यकारी अधिकृत र प्रशासकीय प्रमुख हुनेछ ।

(३) प्रवन्ध सञ्चालकले ऐन, प्रवन्धपत्र, नियमावली, साधारण सभाबाट पारित प्रस्ताव र सञ्चालक समितिको निर्णय बमोजिम कम्पनी व्यवस्थापन र सञ्चालन गर्नेछ ।

(४) उपनियम (१) बमोजिम नियुक्ति हुने सञ्चालक जलबिद्युत आयोजनाको बिकास, निर्माण तथा लगानीका क्षेत्रमा अनुभव प्राप्त गरेको व्यक्ति हुनु पर्नेछ ।

(५) उपनियम (१) बमोजिम नियुक्त प्रवन्ध सञ्चालकको पदावधि निजले पद वहाली गरेको मितिले चार वर्षको हुनेछ र कार्य सम्पादनस्तर उच्च भएमा सञ्चालक समितिले अर्को एक कार्यकाल (चार बर्ष) थप गर्न सक्नेछ ।

कम्पनी सचिव

(६) प्रवन्ध सञ्चालकको पारिश्रमिक, भत्ता र अन्य सुविधा सञ्चालक समितिले निर्धारण गरे बमोजिम हुनेछ । यो नियम लागू भएपछि बस्ने साधारण सभाबाट सो बिषय अनुमोदन हुनु पर्नेछ ।

(७) प्रवन्ध सञ्चालकले सम्पादन गर्नु पर्ने काम, त्यसको मूल्यांकन र कार्य सम्पादन नभएमा हुन सक्ने परिणाम, प्रवन्ध सञ्चालकको पारिश्रमिक, भत्ता र सुविधाका सम्वन्धमा समितिले प्रवन्ध सञ्चालकसंग कार्य सम्पादन करार गर्नेछ ।

(८) प्रवन्ध संचालकको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ :

(क) समितिको निर्णय लागू गर्ने र ऐन, प्रबन्धपत्र, नियमावली र सञ्चालक समितिबाट स्वीकृत नीति, नियम, विनियम, निर्देशिका र कार्यबिधिको अधीनमा रही कम्पनीको काम, कारवाही तथा कारोबारको रेखदेख र नियन्त्रण गर्ने ,

(ख) कम्पनीको उदेश्य प्राप्तिका लागि व्यवस्थापन प्रमुखका हिसाबले नेतृत्वदायी भुमिका खेल्ने,

(ग) कम्पनीको वार्षिक बजेट र कार्ययोजना तयार गरी स्वीकृतिको लागि समिति समक्ष पेश गर्ने,

(घ) कम्पनीको विनियमावलीको अधीनमा रही आवश्यक जनशक्ति व्यवस्थापन गर्ने,

(ङ) समिति र साधारण सभाद्वारा गरिएका निर्णय कार्यान्वयन गर्ने गराउने,

(च) ऐन, प्रबन्धपत्र र नियमावलीको अधीनमा रही कुनै निकायमा कम्पनीले पेश गर्नुपर्ने विवरण, कागजात, निर्णय आदि यथा समयमा पेश गर्ने,

(छ) कम्पनी सञ्चालन गर्ने सम्बन्धमा कार्य सम्पादन करारमा उल्लेख भए बमोजिमका अन्य कार्यहरु गर्ने ।

(च) कम्पनीको कार्यकारी प्रमुखको हैसियतले गर्नुपर्ने सबै कार्य गर्ने ।

(९) यस नियम बमोजिम प्रवन्ध सञ्चालक नियुक्त भएको अवस्थामा नियम ३६ बमोजिमको प्रमुख कार्यकारी अधिकृत रहने छैन ।"

कम्पनी सचिव